# नेपाल सरकार
## वाणिज्य मन्त्रालय
## व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

नेपाल सरकार
वाणिज्य मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

### आन्तरिक र खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्ने सम्बन्धि सूचना

यस केन्द्रको रिक्त रहेका पदहरुमध्ये लोकसेवा आयोगको मिति २०७३।६।२८ गतेको सहमती अनुसार देहायको पदहरु खुला तथा समाबेशी र आन्तरिक प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गरिने हुँदा केन्द्रको मौजुदा कर्मचारी सेवा शर्त र सुविधा सम्वन्धी नियमावली- २०६४ (संशोधन सहित) मा ब्यवस्था भएबमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षावाट बढुवा हुनको लागि र खुला तथा समावेशी प्रतियोगिताको लागि देहायका योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आब्हान गरिन्छ । दरखास्त फाराम केन्द्रको केन्द्रिय कार्यालय पुल्चोक ललितपुरबाट रु १००।- तिरी प्राप्त गर्न सकिनेछ । दरखास्त फाराम केन्द्रको वेवसाइट www.tepc.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ सो बापतको फाराम दस्तुर दरखास्त फाराम बुझाउँदा वुझाउनु पर्नेछ । साथै दरखास्त फारामको निर्दिष्ट स्थानमा पासपोर्ट साइजको फोटो टाँस गरी आफूले प्राप्त गरेका शैक्षिक योग्यताको प्रमाणपत्र नागरिकता तथा समावेशी समूहको लागि आवश्यक कागजातहरु स्वयं प्रमाणित गरी यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र केन्द्रको केन्द्रीय कार्यालयमा वुझाउनु पर्नेछ । परीक्षा दस्तुर बापतको रकम नेपाल इन्भेष्टमेन्ट बैंकको पुल्चोक शाखामा रहेको केन्द्रको खाता नं. ००४०५०१००३२४३२ मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम मिति पछि ७ दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा (दोब्बर दस्तुरको अवधि बाहेक) कार्यालय खुलेको पहिलो दिन सम्म दरखास्त फाराम वुझाउन सकिनेछ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कारवाही हुनेछैन ।

| क्र.स. | विज्ञापन नं. | विज्ञापनको किसिम | पद | तह | सेवा | आवश्यक न्यूनतम योग्यता | माग पद सख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | १०/ ०७३-७४ | आन्तरिक प्रतियोगिता | शाखा अधिकृत | ६ | प्रशासन | प्रमाणपत्र तह वा सो सरहको न्यूनतम शैक्षिक योग्यता प्राप्त भएको र हालको पदमा ४ वर्ष सेवा अवधि पुरा गरेको । | २ (दुई) | ६००।- |
| २. | ११/ ०७३-७४ | खुला | शाखा अधिकृत | ६ | प्रशासन | नेपाल सरकारद्वारा मान्यता प्राप्त शैक्षिक सस्थाबाट स्नातक वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको । | ३ (तीन) | ६००।- |
| ३. | १२/ ०७३-७४ | मधेशी | शाखा अधिकृत | ६ | प्रशासन | | १ (एक) | ६००।- |
| ४. | १३/ ०७३-७४ | दलित | शाखा अधिकृत | ६ | प्रशासन | | १ (एक) | ६००।- |
| ५. | १४/ ०७३-७४ | खुला | सहायक | ४ | प्रशासन | एस.एल.सी वा सो सरह उर्त्तिण गरेको । | १ (एक) | ४००।- |
| ६ | १५/ ०७३-७४ | मधेशी | सहायक | ४ | प्रशासन | | १ (एक) | ४००।- |
| ७ | १६/ ०७३-७४ | दलित | सहायक | ४ | प्रशासन | | १ (एक) | ४००।- |

## उपरोक्त पदहरुको लागि :

१. उमेरको हद : शाखा अधिकृत छैठौं तहको लागि २१ वर्ष पुरा भई ३५ बर्ष ननाघेको र सहायक( चौथो) तहको लागि १८ वर्ष पुरा भई ३५ बर्ष ननाघेको तथा महिलाको हकमा ४० बर्ष ननाघेको । केन्द्रको बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

२. परीक्षण काल : नियुक्ती भएको मिति देखि एक वर्ष र महिलाको हकमा ६ महिना ।

३. तलव स्केल र अन्य सुविधा : केन्द्रको नियमानुसार हुनेछ ।

४. छनौट प्रक्रिया : लिखित परिक्षा तथा अन्तर्वाता ।

५. कार्य गर्नुपर्ने स्थान : केन्द्रको केन्द्रिय कार्यालय तथा अन्तर्गतका कार्यालयहरु

६. प्रत्येक पद र सेवा अर्न्तगत खुला र समावेशी प्रतियोगिताको आधारमा लिइने परिक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिइनेछ ।

७. समावेशी उम्मेदवारले पेश गर्नु पर्ने थप कागजातहरु :

(क) मधेशीको हकमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनि प्रमाणित गरेको प्रमाणको आधारमा दरखास्त स्वीकृत हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्वन्धित प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनि प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्ने ।

(ख) दलितको हकमा नेपाल दलित आयोगबाट सूचीकृत भएका जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुनेछ । राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनि प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

८. केन्द्रको कर्मचारी सेवा शर्त र सुविधा सम्वन्धी नियमावली- २०६४ (संशोधन सहित) नियम १४ को उप नियम (३)मा उल्लेख भए बमोजिम अयोग्यता नभएको हुनु पर्नेछ ।

९. आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा पूर्ति हुने पदहरुको लागि केन्द्रको कर्मचारी सेवा शर्त र सुविधा सम्वन्धी नियमावली- २०६४ (संशोधन सहित)को नियम ३५ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बन्देज नभएको हुनु पर्नेछ ।

१०. समावेशी समूह भित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक समूहका दरखास्त फारामको पहिलो पाना छुट्टाछुट्टै भर्नुपर्नेछ तर रोल नम्वर र प्रवेश पत्र भने एउटै मात्र प्रदान गरिनेछ ।

११. उम्मेदवारले प्रवेश पत्रमा आफू उम्मेदवार हुने समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ । अन्यथा परिक्षामा समावेश गराइने छैन ।

१२. एक भन्दा बढी समूहमा फाराम भर्ने उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणपत्रहरुको प्रत्येकको एक/एक प्रति मात्र वुझाए पुग्नेछ ।

१३. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

१४. तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम् योग्यता भएको वा तोकिएको अन्य बिवरण नखुलेको वा तोकिएको दस्तुर नवुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

१५. दरखास्त दिने अन्तिम मिति भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेको उम्मेदवारहरुले सम्वन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

१६. परिक्षामा परिक्षार्थीले अनिवार्य रुपमा कालो मसिको मात्र प्रयोग गर्नुपर्नेछ । अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।

१७. समावेशी समूहमा फाराम भर्दा प्रत्येक थप समूहको लागि तोकिएको दस्तुरको आधा रकमको दरले परिक्षा दस्तुर थप गर्नुपर्नेछ ।

१८. पाठ्यक्रम तथा दरखास्त फाराम यस केन्द्रको Website : www.tepc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

१९. लिखित परीक्षा संचालन लोक सेवा आयोगले गर्नेछ र परीक्षा सम्वन्धी कार्यक्रम पछि यस केन्द्रको Website र गोरखापत्रमा प्रकशन गरिनेछ ।

पदपूर्ति समिति
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र